फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८३।०८४
च. नं.

मितिः २०८३।०७।१७
ने.सं. ११४६

विषयः <u>गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) बनाई पेश गर्ने सम्बन्धी सूचना</u>।

(सूचना प्रकाशित मितिः२०८३।०७।१७)

उपर्युक्त विषयका सम्बन्धमा गाउँपालिकाको मूल नारा "**सुखी, खुशी र समृद्ध इच्छाकामना! कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना!!**" लाई आत्मसात गर्दै खुला प्रतिस्पर्धाबाट यस गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) तयार गर्नु पर्ने भएकोले तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही लोगो तयार पारी यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

<u>तपसिलः</u>

१. लोगोमा गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा सामाजिक पहिचान, स्थानीय उत्पादन, बसोबास लगाएतका विषवस्तु झल्किनुपर्नेछ।
२. अन्य स्थानीय तहका लोगोभन्दा भिन्न, मौलिक र सृजनात्मक डिजाइन हुनुपर्ने तथा प्रयोग गरिएका चित्र, रङ र शब्दहरूको स्पष्ट व्याख्या तथा विश्लेषणसमेत समावेश गर्नुपर्नेछ।
३. प्रतिस्पर्धामा सरकारी, सामुदायिक तथा गैरसरकारी संघ-संस्था, कर्मचारी तथा सर्वसाधारण सबै सहभागी हुन सक्नेछन्।
४. मिति २०८३।०८।१७ गते कार्यालय समयभित्र लोगो डिजाइन गरी A4 साइजको कागजमा स्पष्ट रङ्गीन प्रिन्टसहित गाउँपालिकाको कार्यालयमा पेश गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट **<u>info@ichchhakamanamun.gov.np</u>** इमेलमार्फत पनि प्रस्ताव पठाउन सकिनेछ।
५. छनोटमा पर्ने सर्वोत्कृष्ट लोगो डिजाइनलाई नगद रु.२५,०००।-(अक्षरेपि पच्चिस हजार मात्र) पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिनेछ।
६. लोगो गाउँपालिकाको सम्पत्ति हुने र त्यससम्बन्धी सम्पूर्ण अधिकार इच्छाकामना गाउँपालिकामा सुरक्षित रहनेछ।
७. गाउँपालिकाले स्थानीय मौलिकता झल्किने, दीर्घकालीन प्रयोगयोग्य र सबैको अपनत्व महसुस हुने लोगो डिजाइनका लागि सरोकारवाला सबैको सक्रिय सहभागिताको अपेक्षा गरिएको छ।

.....

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत